म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १३९ शनिबार १६ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 31 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सवारी दुर्घटनामा एकजनाको मृत्यु

हेटौंडा, १५ पुस/ धरान-चतरा सडक खण्डअन्तर्गत् पूर्वी मकवानपुरको बाकैयामा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । शुक्रबार बकैया-५ तीनतलेमा हेटौंडाबाट फापरबारीतर्फ जाँदै गरेको ना. २२ प ९९७७ नम्बर मोटरसाइकललाई सोही दिशा तर्फ जाँदै गरेको ना. ७ ख १३५२ नम्बरको सिमेन्ट लोड ट्रकले ठक्कर दिँदा एक जनाको मृत्यु भएको हो । दुर्घटनामा ट्रक चालक बारा निजगढ-९ बस्ने अन्दाजी २५ बर्षीय सूर्यबहादुर घिमिरे, ट्रकमा सवार नाम थर वतन नखुलेका अन्दाजी २०/२५ बर्षीय पुरुष, मोटर साइकल चालक हेटौंडा-१८ फुर्केचौरका अन्दाजी ३० बर्षीय बिक्रम भोम्जन र मोटरसाइकलमा सवार सोही वडा बस्ने अन्दाजी ३५/४० बर्षीया हिरामाया लोप्चन घाइते भएका थिए । गम्भीर अवस्थामा रहेका मोटरसाइकल चालक भोम्जनको उपचारको क्रममा शुक्रबार बिहान मृत्यु भएको जनाइएको छ । घाइते अन्य ३ को उपचार भइरहेको जनाइएको छ ।

# प्रदेश खारेजी माग गर्ने नै नेतृत्वको दाबेदार

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ प्रदेश संरचना खारेजीको माग गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले नै प्रदेश सरकारको नेतृत्वमा दाबी गरेको छ ।



प्रदेश संरचना खारेजीको माग उठाउँदै आएको राप्रपाले प्रदेशमा सरकार गठन गर्न आफू निर्णायक बनेसँगै प्रदेश सरकारको नेतृत्वमा दाबी गरेको हो । राप्रपाले सरकारको नेतृत्वमा दाबी गरेसँगै बागमती प्रदेश सरकार गठनमा नयाँ तरङ्ग आएको छ । नेपाली कांग्रेस नेतृत्वको गठबन्धन भत्किएर एमालेको नेतृत्वमा गठबन्धन बनेसँगै बागमती प्रदेश सभामा पनि दलहरुको समिकरण फेरिएको हो । जसअनुसार प्रदेशमा सरकार गठनको लागि एमाले र माओवादीलाई राप्रपाको मत नै निर्णायक हुनेछ ।

एमालेको नेतृत्वमा रहेको गठबन्धनलाई प्रदेशमा सरकार गठन गर्न निर्णायक रहेको राप्रपाले मुख्यमन्त्रीमा दाबी गरेको हो । प्रदेश संरचना आवश्यक नरहेको भन्दै राप्रपाले संघीयता नै खारेज गर्नुपर्ने माग गर्दै आएको छ । बागमती प्रदेशसभाको पहिलो कार्यकालमा संसद्को रोष्ट्रमबाटै पटक-पटक प्रदेश संरचना खारेजीको माग उठाउँदै आएको राप्रपाले प्रदेशमा सरकार गठन गर्न आफू निर्णायक भएपछि मुख्यमन्त्री दाबी गरेको छ ।

प्रदेश संरचना खारेजीको माग गर्दै आएको पार्टीले प्रदेश सरकारकै नेतृत्वमा दाबी गरेसँगै पार्टीको नीतिमाथि नै प्रश्न उठेको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले राप्रपाको हैसियत देखाउनको लागि सरकारको नेतृत्व गर्न आवश्यक रहेको बताए । उनले प्रदेश सरकारको नेतृत्व गर्दै यसबाट जनतालाई सुशासन दिने र पाँच वर्षमा संघीयता खारेज गर्ने दाबी गरे । उनले मुख्यमन्त्री नपाए प्रदेशमा सरकार गठन गर्नको लागि अन्य दललाई आफूहरूको समर्थन नरहनेसमेत स्पष्ट पारे ।

'राप्रपा समर्थनमात्रै गरेर अरूलाई शक्तिको लाभ उठाउन दिँदैन । यदी अरू दलले राप्रपा पनि छ भनेर हाम्रो हैसियत देख्यो भने हामी मिलेर जान्छौं, होइन भने हामी सरकार गठनमा सहभागी नै हुँदैनौं', थापाले भने । उनले प्रदेश सरकारमा गएरै आफूहरुले पाँच वर्षभित्रमा प्रदेश संरचनालाई खारेज गर्ने दाबी गरे । प्रदेश सरकारबाट राप्रपाको उपस्थितिलाई राम्रो देखाउने भन्दै उनले नीति नियमअनुसार काम गर्दै प्रदेश आवश्यक छैन भनेर खारेजीको मार्गमा राप्रपा जाने दाबी गरे । उनले राप्रपाले मुख्यमन्त्री नपाए सरकारमै नजानेसमेत बताए ।

'संसद्मा आफ्नै राम्रो उपस्थिति हुँदा अगाडि बढेर जनतालाई राप्रपाले के गर्न सक्छ भनेर देखाउने अवसरलाई उपयोग गर्दै प्रदेशलाई खारेज गर्नेतर्फ जानु भन्ने खालको कुरा पार्टीमा बनेको छ । अब अरू पार्टीको साथीहरूले हामीलाई त्यही खालको महशुस गर्छन् भने हामी उहाँहरूसँग वार्तामा बस्छौं । उहाँहरूले हाम्रो उपस्थितिलाई महशुस गर्नु हुँदैन भने हामी सरकारमा जाँदैनौं', साझाकुरासँग कुरा गर्दै थापाले भने ।

११० सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि ५६ जना सांसद् आवश्यक हुन्छ । बागमती प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको ३७ जना सांसद् छन् भने एमालेका २७, माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ जना सांसद् छन् । प्रदेशमा कुनै पनि दलको प्रस्ट बहुमत नभएकाले तालमेल गरेर सरकार निर्माण गर्नुपर्ने बाध्यता बागमती प्रदेशमा देखिएको छ ।

केन्द्रीय सत्ता समीकरणमा फेरबदल भएपछि बागमतीमा सरकार गठनका लागि नयाँ विकल्पहरू देखिएका छन् । हालको अवस्था बागमती प्रदेशको सत्ताको साँचो राप्रपासँग रहेको छ । सांसद् संख्याको आधारमा सरकार गठनका लागि नयाँ गठबन्धनमा राप्रपा निर्णायक शक्तिको रुपमा देखिएको हो । बागमती प्रदेशमा नयाँ सत्ता गठबन्धनको स्पष्ट बहुमत छ । सत्ता गठबन्धन दलहरूमा एमाले २७, माओवादी केन्द्र २१ र राप्रपाको १३ सांसद् छन् । उनीहरूबीच नै सत्ता साझेदारी हुँदा सहजै सरकार गठन हुन सक्छ । राप्रपाले केन्द्रमा सरकारलाई समर्थन गरेपनि आफू सरकारमा गएको छैन ।

सत्ता गठबन्धनले न्युनतम साझा कार्यक्रममा आफ्नो शर्तहरूलाई पनि समावेश गरेर केन्द्र सरकारमा सहभागी हुने राप्रपाको तयारी रहेको छ । केन्द्रमा राप्रपा सरकारमा सहभागी भए प्रदेशमा सरकारको नेतृत्वमा स्वभाविकरुपमा दाबी रहने दलको नेता थापा बताउँछन् । 'हामि ४ वटा प्रदेशमा सरकार गठनको लागि निर्णायक शक्ति छौं । बागमती प्रदेशमा हाम्रो उपस्थिति बलियो भएकोले यहाँको नेतृत्व हामीले पाउनुपर्छ भन्ने हो', उनले भने ।

प्रदेशसभामा एमालेका २७, माओवादीका २१ र राप्रपाका १३ गरी ६१ जना सांसद् पुग्छन् । अर्कोतर्फ राप्रपा र एकीकृत समाजवादीसँग तालमेल गरे कांग्रेसको पनि सरकार बन्ने सम्भावना पनि बन्न सक्छ । कांग्रेसलाई सरकार बनाउन १९ सांसद्को समर्थन भए पुग्छ । कांग्रेसलाई राप्रपाका १३, एकीकृत समाजवादीका ७ जना सांसद्ले साथ दिएको खण्डमा बागमतीमा नयाँ कोणबाट सरकार गठन हुन सक्छ । तर, हालसम्म बागमती प्रदेशमा सरकार गठनको लागि दलहरूले कुनै तयारी गरेका छैनन् ।

आ-आफ्नो पार्टीभित्र मुख्यमन्त्री दाबी गरिरहेको भएपनि केन्द्रमा हुने भागवण्डाअनुसार सरकार गठन प्रक्रिया अघि बढ्ने हुँदा यतिबेला दलहरूको केन्द्रको निर्णय कुरिरहेका छन् । केन्द्रमा बन्ने समीकरण अनुसार नै प्रदेशमा सरकार गठन हुनेछ । त्यसैले बागमती प्रदेशसभामा रहेको दलहरू पर्ख र हेरको अवस्थामा रहेका छन् ।

एमालेबाट संसदीय दलको नेता चयन भएका जगन्नाथ थपलिया मुख्यमन्त्रीको एकमात्रै दाबेदार हुन् । एमालेबाट मुख्यमन्त्रीमा दाबी गरेका अन्य ३ जना निर्वाचनमै पराजित भएपछि एमालेले सरकारको नेतृत्व गर्ने अवसर पाएमा थपलिया सहजै मुख्यमन्त्री बन्नेछन् । माओवादीबाट पाँच जना मुख्यमन्त्रीको आकांक्षी देखिएका छन् । माओवादीमा दलको नेता चयनमा नै सकस भइरहेको छ

प्रदेश संसदीय दलको नेता चयन गर्न बसेको शुक्रबारको बैठक सहमति हुन नसकेपछि आजसम्मको लागि स्थगित भएको छ । संसदीय दलको नेता चयनका बारेमा निर्णय गर्न शुक्रबार काठमाडौंमा बसेको बैठक निष्कर्षमा पुग्न नसकेपछि शनिबारसम्मका लागि स्थगित भएको हो । शनिबार दिउँसो १ बजे पुन: पेरि सडाँडामा बैठक बस्ने नेकपा माओवादी केन्द्र बागमती प्रदेशका अध्यक्ष सरल सहयात्रीले जानकारी दिए । शुक्रबार दलको नेता चयनका लागि भएको छलफलमा कुनैपनि उम्मेदवार पछि हट्ने अवस्था नरहेपछि बैठक निष्कर्षहीन बनेको थियो ।

दलका नेताका लागि माओवादी केन्द्रका नेता शालिकराम जमकट्टेल र सरल सहयात्री पौडेलबीच प्रतिस्पर्धा हुँदैछ । यद्यपि दलको नेतामा पूर्वमन्त्री युवराज दुलाल 'शरद' र गंगानारायण श्रेष्ठको पनि दाबी रहेको छ । पार्टीले सकेसम्म दलको नेता सर्वसम्मत ढंगले चयन गर्ने तयारी गरिरहेको जनाइएको छ । दलको नेताका लागि भएको छलफलमा जमकट्टेललाई सर्वसम्मत गर्न शरदको प्रस्ताव रहेको माओवादी केन्द्रका एक नेताले बताए ।

# माओवादी बागमती संसदीय दलको नेतामा जुटेन सहमति

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ काठमाडौंमा नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको नेता चयन गर्न बसेको बैठकमा सहमति जुट्न सकेन ।



शुक्रबार भएको बैठकमा दलको नेताका लागि आकांक्षीहरु ५ जनासम्म देखिएपछि सहमति जुट्न नसकेको जनाइएको छ । सर्वसम्मतिमै दलको नेता चयन गर्ने पहिलो प्रयास सफल हुन नसकेको हो । बैठक आज १ बजेका लागि पुन: बोलाइएको छ । बागमतीमा नेपाली कांग्रेसले निर्वाचनबाट, नेकपा एमाले र राप्रपालगायत दलले सर्वसम्मतिबाट दलको नेता चयन गरिसकेका छन् । तर, माओवादीमा दलको नेताका लागि आकांक्षीहरु धेरै देखिएपछि सहमतिको लागि प्रयास जारी राखिएको छ ।

सहमित जुट्न नसकेको प्रदेश सांसद् युवराज चौलागाईले जानकारी दिए । सकभर सहमतिमै दलको नेता टुंग्याउने भावना धेरैको भएकाले सहमति खोज्ने प्रयास सुरु भएको उनले बताए । मकवानपुरबाट निर्वाचित सांसद् प्रेमबहादुर पुलामीले बैठकमा सहभागी नेताहरुले पहिलो दिन धारणामात्रै प्रस्तुत गरेको जानकारी दिए । उनले पहिलो दिन नेताहरुको धारणा प्रस्तुत भएको र आज शनिबार हुने बैठकले दलको नेता चयन गर्ने बताए । शुक्रबारको बैठकमा प्रदेश सरकारमा जाँदा पार्टीको भूमिका, सरकारमा लिने भागबण्डाको विषयमा धेरै छलफल भएको बताए ।

माओवादीभित्र दलको नेताको लागि आधा दर्जन बढी नेताले इच्छा देखाएपछि सहमतिको सम्भावना न्यून बन्दै गएको जनाइएको छ । सहमति नै हुन नसकेमा निर्वाचनबाट भएपनि दलको नेता चयन गरिने जनाइएको छ । काठमाडौंमा जारी बैठकमा दलको नेताको लागि पोलिटब्यूरो सदस्य शालिकराम जम्मकट्टेल, माओवादी केन्द्र बागमती प्रदेशका अध्यक्ष सरल सहयात्री पौडेल, युवराज दुलाल 'शरद', प्रदेशसभाको पूर्वउपसभामुख राधिका तामाङ र माओवादी केन्द्रको चुनाव चिन्हबाट निर्वाचनमा प्रतिस्पर्धा गरेर जितेका नेपाल समाजवादी पार्टीका नेता गंगानारायण श्रेष्ठसहित आधा दर्जन नेताहरुले इच्छा देखाएको बताइएको छ ।

प्रदेशसभाको पहिलो कार्यकालमा दलको नेता जम्मकट्टेल र उपनेता कुमारी मोक्तान थिइन् । दलको नेतामा प्रतिस्पर्धा गरिरहेका मध्ये जम्मकट्टेल तत्कालीन नेकपा सरकार हुँदा आन्तरिक मामिला तथा कानुन मन्त्री र पछि नेकपा (एकीकृत समाजवादी) को नेतृत्व सरकार र हुँदा आर्थिक मामिला तथा योजना मन्त्री बनेका थिए । दुलाल र मोक्तान सामाजिक विकास मन्त्री भइसकेका छन् । पौडेलगायतका अन्य सांसद्हरु पहिलोपटक प्रदेशसभा प्रवेश गरेका छन् ।

बागमतीमा माओवादीबाट कूल २१ सांसद् छन् । बागमती प्रदेशको हकमा माओवादी पार्टी भाग्यशाली बनेको छ । पहिलो कार्यकालमा पार्टी टुटफुटको स्थितिमा पनि प्रतिपक्षमा बस्नु परेको थिएन । हाल गठबन्धन टुट्दा पनि सरकारमै सहभागी हुने भएको छ । बागमतीमा सरकारको नेतृत्व माओवादीले पाउनेबारे चर्चा भइरहेको छ । तर, बागमतीमा एमाले र राप्रपाले पनि दाबी गरेका छन् । राप्रपाको समर्थन नभई बागमतीमा सरकार बन्ने अवस्था भने छैन । १ सय १० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ५६ सिट चाहिन्छ । हालको गठबन्धनको एमाले, माओवादी र राप्रपासँग मात्रै ६१ सिट छ । एमालेसँग २७ र राप्रपासँग १३ सिट रहेको हो ।

# कारको ठक्करले बालक घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ मकवानपुरमा भारतीय नम्बर प्लेटको कारको ठक्करले एक बालक घाइते भएका छन् ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत् मनहरी गाउँपालिका-९ ज्यामिरेस्थित चितवनतर्फ जाँदै गरेको भारतीय नम्बर प्लेटको कारको ठक्करले एक बालक घाइते भएका हुन् । बीआर ०१ एफभी २८१९ नम्बर कारले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

कारको ठक्करबाट स्थानीय सानु परियारको छोरा १० वर्षीय राजेश परियार घाइते भएका छन् ।

कारको ठक्करबाट टाउकोमा चोट लागेर घाइते भएका बालकको उपचारको लागि भरतपुर पठाइएको प्रहरीले जनाएको छ । कार र चालक प्रहरी नियन्त्रण रहेको जनाइएको छ ।

# नागस्वती भेट्रान्स कप फुटबलको हिसाब सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ हेटौंडा उपमहानगरपालिका-७, स्थित नागस्वती भेट्रान्स क्लबले यसअघि आयोजना गरेको नागस्वती भेट्रान्स रनिङ शिल्ड कप फुटबल प्रतियोगिताको हिसाब सार्वजनिक गरेको छ ।

क्लबले शुक्रबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको आय-व्यय सार्वजनिक गरेको हो । क्लबका सचिव प्रदीप गौतमले गत १८ भाद्रदेखि २२ गतेसम्म भएको प्रतियोगितामा १९ लाख ९३ हजार ३५ रुपैयाँ खर्च भएको जानकारी दिएका छन् ।

उनले प्रतियोगिताका लागि स्थानीय तहसँगै विभिन्न संघ संस्थाहरु तथा स्वदेश र विदेशमा रहेका नेपाली फुटबल प्रेमीहरुसहित गररे १९ लाख १५ हजार ९ सय ८८ रुपैयाँ आम्दानी उठेको बताए ।

प्रतियोगिताको लागि स्थानीय तह र संघसंस्थाहरुबाट ७ लाख ५७ हजार २ सय ११ रुपैयाँ आम्दानी उठ्न बाँकी रहेको क्लबले जनाएको छ । क्लबका अध्यक्ष सोमबहादुर तितुङले प्रतियोगिता राष्ट्रिय भेट्रान्स कप फुटबल प्रतियोगितालाई निरन्तरता दिने बताए । उनले आगामी वर्षहरुमा पनि भेट्रान्स कप हुने बताउँदै व्यावसायिक फुटबल खेलाडी उत्पादनको लागि युवाहरु लक्षित प्रतियोगिता गर्ने तयारी रहेको बताए ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः

९८४५०२७०६४/९८५५०६८०३८

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्कः

९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

**सम्पूर्ण ब्राण्डका गाडी**

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# 'व्यापारीको स्वार्थका लागि ल्याइएको एमडीएमएस पूर्ण रूपमा खारेज हुनुपर्छ'



✍ ज्योति बानियाँ

**वास्तवमा एमडीएमएस नेपाली उपभोक्ता र राज्यको हितमा छैन । रातारात करोडपति/अर्बपति बन्न खोज्ने केही आयातकर्ताको स्वार्थमा एमडीएमएस ल्याउन खोजिएको हो । यो देशमा व्यापारीले राज्यको नीति किन्न खोजे, अति राज्यका मान्छेहरु नीति बेच्न तयार भए ।**

यतिबेला नेपालमा मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस)को चर्चा छ । नेपाल दूरसञ्चार प्राधिकरणले शुक्रबार (पुस १५) देखि पूर्णरूपमा कार्यान्वयनमा ल्याउने भनेपनि प्रधानमन्त्रीको निर्देशनमा तत्कालका लागि स्थगित गरिएको खबर आएको छ ।

एमडीएमएसमा राखिएका केही व्यवस्था हेर्ने हो भने, यो स्थगित होइन, पूर्ण रूपमा खारेज नै हुनुपर्छ । उपभोक्ता अधिकारको हिसाबले यो गलत छ । केही स्वार्थ समूहका लागि मात्रै एमडीएमएस ल्याइएको हो । कतिपय कानूनी व्यवस्था ल्याउनुअघि उपभोक्ताको हितलाई हेरिन्छ । तर एमडीएमएसलाई त्यो नजरबाट हेरिएन ।

सात-आठ ओटा मोबाइल फोन आयातकर्ताको फाइदाका लागि यो व्यवस्था ल्याउन लागिएको हो । मैले बारम्बार भनिरहेको छु, एमडीएमएस नेपाली उपभोक्ता र राज्यको हितमा छैन । रातारात करोडपति/अर्बपति बन्न खोज्ने केही आयातकर्ताको स्वार्थमा एमडीएमएस ल्याउन खोजिएको हो । यो देशमा व्यापारीले राज्यको नीति किन्न खोजे, अनि राज्यका मान्छेहरू नीति बेच्न तयार भए ।

विदेशमा काम गर्न गएका नेपालीहरूको रेमिट्यान्सबाट देश चलेको छ । तर यो व्यवस्था ल्याउँदै गर्दा उनीहरुको बारेमा सोचिएन । श्रमिकले आफ्नै रकम खर्चेर देशमा प्रविधि भित्र्याउन खोज्दा समेत नियन्त्रण गर्न खोज्नु आफैंमा आपत्तिजनक छ ।

सरकारले विदेशमा काम गर्न गएकालाई प्रविधि भित्र्याउन सुविधा दिनुको सट्टा थप समस्या दिने कोसिस गरेको छ । खासमा सरकारले काम गर्न विदेश गएकाहरू देश फर्किंदा सम्मानस्वरूप केही मोबाइल फोन ल्याउँदा छुट दिनुपर्ने हो ।

नेपालमा प्रविधि पनि स्तरीय आयत हुँदैन । हामीले यहाँ गुणस्तरहीन सामग्री प्रयोग गरिएको प्रविधि प्रयोग गर्नु परिरहेको छ । यो कुरामा हामी पहिल्यै नै फसिसकेका छौं ।

सरकारले 'मोबाइल प्रयोग गरिरहेकालाई ट्याब सजिलो हुन्छ, त्यो प्रयोग गर' भनेर प्रोत्साहन गर्नुपर्ने हो । तर यहाँ प्रोत्साहन गर्नुपर्नेमा नियन्त्रण गर्न खोजिएको छ । विदेशमा रहेका श्रमिकको पैसाले देश चलाएर उनीहरुले ल्याउने मोबाइल फोनको कर नलिई छाड्दिनँ भन्नु ठूलो बेइमानी हो ।

विदेशबाट यस्ता डिभाइस देशमा भित्रिनु देशमा लगानी बढ्नु हो । त्यसरी नेपाल भित्रिने यस्ता नवीनतम् प्रविधियुक्त (मोबाइल, ट्याब र ल्यापटप) विद्यालय तहका विद्यार्थीले बढी प्रयोग गर्छन् । कति विद्यार्थीको अभिभावक विदेशमा हुने भएकाले नेपाल आउँदा केही डिभाइस ल्याइदिने गर्छन् ।

प्रविधि प्रयोग गर्दा विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्छन् । सरकारले यस्ता प्रविधि विद्यार्थीका लागि ल्याउँदा विद्यालयमा भर्ना भएको कागज देखाएर छुट दिन सक्थ्यो । तर यस्ता वर्गलाई त्यो सेवाबाट वञ्चित गराउन खोजियो ।

यो व्यवस्था लागू गर्दा आपराधिक गतिविधिमा संलग्न तथा हराएका मोबाइल फोन पत्ता लाग्छ भन्ने छ । तर मोबाइल नै दर्ता नगरी कुनै अपराधीले उन्मुक्ति पाएको भन्ने घटना छैन । फेरि मोबाइलको ट्यापिङ गर्न पाइदैंन ।

त्यस्तै गोपनीयताको कुरा पनि आउँछ । मोबाइल दर्ता नगरेर नै अपराधी भागेको/भगाएको, अपराधलाई प्रोत्साहन गरेको भन्ने हुँदैन । यसकारण यस्ता कुरा भनेको वास्तविकता लुकाउन मात्र गरिएको हो । प्रहरीले चाहे भने जस्ता पनि अपराधी समात्न सक्छन् भन्ने उदाहरण धेरै छन् । सरकार विदेशबाट ल्याउने मोबाइलमा कडाइ गर्नुको सट्टा साइबर ब्यूरोलाई अझ अब्बल बनाउनतिर लाग्नुपर्छ ।

एमडीएमएस लागू गर्नु नागरिक प्रतिको बेइमानी हो । यहाँ मोबाइलको नाममा नै उठाएको पैसासमेत दुरुपयोग भइरहेको छ । अहिले सरकारले उठिसकेको पैसाको सही सदुपयोग गरिदिए मात्र पुग्छ । उठिसकेको पैसाको सदुपयोग, नगर्ने अनि प्रविधिको विकास नै रोक्ने गरी फेरि पैसा संकलन गर्ने कोसिस गर्नु भनेको नाजायज काम हो ।

श्रमिकले पठाएको रेमिट्यान्सबाट देश चलिरहेको छ । तर स्वदेश फर्किंदा साथमा ल्याउने मोबाइल फोन चल्न नदिने भन्ने व्यवस्था खासमा रुजानी जानी नै लागू खोजिएको हो । यो लागू गरिए देशको विकासका लागि क्षम्य हुँदैन ।

यो व्यवस्था विकासका लागि अवरोधक हो । जसले यो व्यवस्था लागू गर्छन्, उनीहरुले देश र उपभोक्ताप्रति पाप गरे सरह हुन्छ । त्यस्तै यो व्यवस्था लागू गर्दा जति पैसा उठ्छ, त्योभन्दा धेरै मात्रामा देशलाई घाटा हुन्छ । नागरिकलाई सस्तोमा प्रविधि किन्न नदिने व्यवस्था लागू गर्नु भनेको थोरै मान्छेलाई धनी बनाउनु हो । यसर्थ एमडीएमएस लागू गर्नु हुँदैन ।

*(स्रोतः टेकपाना)*

# अब यी फोनमा चल्ने छैन ह्वाट्सएप, कतै तपाईंको मोबाइल त परेन ?




ह्वाट्सएपले आवधिक रूपमा पुराना स्मार्टफोनलाई फेजआउट गर्दै आएको छ । त्यसै अनुरूप यस वर्ष ५० ओटा डिभाइसमा यो मेसेजिङ एप खुल्ने छैन ।

पछिल्ला अन्तिम तीन महिनाको अवधिमा ह्वाट्सएपले भारी मात्रामा एन्ड्रोइड र आईओएस डिभाइस फेजआउट गरेको यो दोस्रो पटक हो । गत अक्टोबरमा ह्वाट्सएपले आईफोन एसई, आईफोन एस सिक्स, आईफोन एस प्लसका साथै सामसङ, ह्वावे, एलजी, सोनी, जेडटीई, एचटीसी, लेनोभो र अल्काटेलका कम्तिमा ४० ओटा एन्ड्रोइड डिभाइसको सपोर्ट बन्द गर्ने कुरा बाहिर ल्याएको थियो ।

यस पटक ह्वाट्सएपले झन्डै ५० ओटा फोनको सपोर्ट बन्द गर्ने निश्चित गरेको छ । जसमा एप्पल आईफोन फाइभ र आईफोन फाइभ सी समेत रहेका छन् ।

यो सूचीमा बाँकी रहेका फोनहरूमा सामसङ, ह्वावे, एलजी, सोनी, लेनोभो र जेडटीई ब्रान्डका छन् । यी फोनहरू लामो समयदेखि अपडेट नभएकाले ह्वाट्सएपको सपोर्ट बन्द हुन लागेको हो ।

यससँगै ह्वाट्सएप सपोर्ट गर्ने डिभाइसमा कम्तिमा एन्ड्रोइड ५.० ललिपप अथवा आईओएस १२ हुनुपर्नेछ । यद्यपि अहिले पनि ह्वाट्सएपको एफएक्यूमा ४.१ तथा त्यसभन्दा नयाँ ओएस भएका एन्ड्रोइड फोनहरूमा सपोर्ट उपलब्ध रहेको उल्लेख छ ।

तर यो वर्षको अन्त्यसँगै एन्ड्रोइड ४.१ जेली बिन अपरेटिङ सिस्टम रहेका अधिकांश फोनहरूमा ह्वाट्सएप चल्न बन्द हुनेछ । गिजचाइनाले उल्लेख गरेअनुसार यो सूचीमा अधिकांश इन्ट्री-लेभल तथा मिड-रेन्जका स्मार्टफोनहरू रहेका छन् ।

यदि तपाईंले यी मध्ये कुनै मोबाइल प्रयोग गरिरहनु भएको छ भने ह्वाट्सएप चलाउन नयाँ फोन लिनुपर्नेछ अथवा त्यसमा नयाँ भर्सनको अपरेटिङ सिस्टम अपडेट गर्नुपर्नेछ ।

**स्वास्थ्य/जीवनशैली**

# यो तत्वको कमीले घटाउँछ यौन सम्पर्कको चाहना

हाम्रो शरीरमा यस्ता धेरै तत्त्व हुन्छन् जसले हाम्रो यौन जीवनलाई असर गर्छ । यदि शरीरमा यी तत्त्वहरूको कमी भयो भने हाम्रो यौन सम्पर्क राख्ने इच्छा घट्छ र यौनप्रति असन्तुष्टि उत्पन्न हुन्छ । यसले हाम्रो शरीरमा मात्र नभई दिमागमा पनि नकारात्मक प्रभाव पार्छ ।

थाहा पाउनुहोस् शरीरमा कुन तत्त्वको कमीले गर्दा यौनमा रुचि उत्पन्न हुन्छ यदि हाम्रो शरीरमा आइरनको कमी भयो भने यसले हाम्रो यौन जीवनमा असर गर्छ । शरीरमा आइरन तत्त्वको कमीका कारण महिला र पुरुषको यौन जीवनमा फरक-फरक असर पर्छ । यदि तपाई पनि यस्तै महसुस गर्दै हुनुहुन्छ वा तपाईंको यौन जीवन राम्रो चलिरहेको छैन भने तुरुन्तै चिकित्सकको सल्लाह लिनुहोस् ।



वास्तवमा महिलाको शरीरमा आइरनको कमीका कारण यौन सम्पर्कमा सुस्तता आउने गर्छ । यस्तो अवस्थामा महिलाहरू आफ्नो यौन जीवनको पूर्ण मजा लिन पाउँदैनन् र कहिलेकाहीं यो कुरा सम्बन्धमा तिक्तताको कारण पनि बन्न पुग्छ ।

आइरनको कमीका कारण महिलामा महिनावारीको समयमा अत्यधिक रगत बग्ने समस्या पनि हुने गर्छ । महिला जस्तै पुरुषको शरीरमा पनि आइरनको कमी भयो भने उनीहरूको यौन जीवनमा पनि धेरै किसिमले असर पर्छ । पुरुषमा यौनप्रति रुचिसँगै चिडचिडेपन पनि बढ्छ ।

यदि तपाईं आफ्नो खुट्टामा जलन, बेचैनी र चिलाउने महसुस गर्दै हुनुहुन्छ भने, तपाईंको शरीरमा आइरनको कमी छ भनेर बुझ्नुहोस् । यस्तो अवस्थामा तुरुन्तै चिकित्सकको सल्लाह लिनुहोस् । वास्तवमा, आइरनको कमीका कारण मुड स्विङ सुरु हुन्छ र टाउको दुखाइ पनि रहन्छ । यसले तपाईंको स्वभावलाई चिडचिडे बनाउँछ । यस्तो अवस्थामा तुरुन्तै डाक्टरसँग परामर्श लिनु उपयुक्त हुन्छ ।

**साहित्य**

# के यो सपना हो ?



✍ कृज्मा आर्यल

*कक्षा : ७, नवोदय शिशु सदन*

'हेर यत्रो काम गरेर बसेको अहिलेसम्म केही हात लागेको छैन'

गुनासो गर्दै रिकीले भन्यो । रिकी एउटा गरिब परिवारबाट थियो । ऊ एउटा पुरातत्वविद थियो । ऊ इजिप्ट गएको थियो । ऊ आफ्नो परिवार सहित 'इजिप्ट' जीवाश्म खोज्न गएको थियो । ऊसँग उसको साथी मोहन पनि एक्लै इजिप्ट गएको थियो । उनीहरु दुईटै पुरात्वविद् थिए । इजिप्ट गएर मोहनले जीवाश्म भेट्यो र नाम तथा दाम दुईटै कमायो । जबकी रिकीले परिश्रम गऱ्यो तर उसको हातमा ढुङ्गा बाहेक केही आएन । ऊ मोहितको सफलता देखेर ईर्ष्या गर्न थाल्यो । यो ईर्ष्याको भावना र आफू असफल भएको कारण उसलाई रक्सी पिउने खाने बानी लाग्यो । त्यसैले कहिले काहीं उसले आफ्नो श्रीमतीलाई कराउन थाल्यो । तर उसकी श्रीमती बुझ्ने भावनाको थिइन् र रिकीलाई हौसला दिने गर्थिइन् । रिकी त्यही पनि आफ्नो भाग्यलाई दोष दिएर बस्थ्यो । ऊ एउटा रुखनेर बसेर आफ्नो भाग्यलाई दोष दिएर बस्दा उसकी श्रीमती युनिका आइन् र भनिन् 'हेर तिमी यसरी हार मानेर नबस, म नेपालको आफ्नो काम छोडेर आएकी तिमी यसरी बस्दा ठिक हुँदैन । हाम्रो पैसा पनि धेरै छैन त्यसैले जे गर्नु छ छिटो गर्नु पर्छ ।' यति भनेर युनिका घरभित्र खाना बनाउन गइन् ।

यति भन्दा भन्दै रिकीको छोरी नेना आइन् । 'बाबा, बाबा एउटा अङ्कल आउनुभएको थियो नि थाहा छ । त्यो अङ्कलले कालो कपडा लाउनुभएको थियो । त्यो अङ्कलले यो कागज दिनुभयो अनि जानुभयो । त्यो अङ्कल सुपरम्यान जस्तै हराउनुभयो अनि... केही भएन यो कागज लिनुहोस् । अब म टिभी हेर्न गएँ बाई भनेर उनी गइन् ।

हेर ! आजकलका बच्चाहरु मान्छे गायव भयो रे लौ ? यति भनेर रिकीले त्यो कागज खोल्यो । त्यहाँ एउटा ठाउँको मार्गचित्र थियो । उसले केही बहुमूल्य पाउने लोभले त्यो मार्गचित्रलाई पछ्याउँदै गयो । ऊ एउटा गुफा नजिक आयो । त्यहाँबाट एउटा ४ वटा आँखा भएको मुसा आयो र एउटै कुरा भनिरह्यो । त्यहाँ नजाऊ फसिन्छ, त्यहाँ नजाऊ फसिन्छ, त्यहाँ नजाऊ फसिन्छ यो कुरा मुसाले भन्दा भन्दै पनि ऊ गयो र त्यहाँ एउटा ठूलो ढोका आयो ।

उसले त्यो ढोका खोल्यो र त्यहाँ लामा, लामा एलियन बनिरहेका थिए । होली काऊ यो एलियन हो ? डराउँदै भन्यो । उताबाट केही जवाफ आएन । ऊ भाग्न सुरु गऱ्यो तर एलियनले रोकेर भने 'तिमी यहाँ लोभले आएका हैइनौ ? यसले सावित गऱ्यो कि सबै मनुष्यहरु पापी हुन्छन् । यति भनेर त्यो एनियनले आफ्नो बन्दुक ताक्यो र रिकीलाई हान्यो र रिकी रुखनेर पुग्यो र पहिला भएको घटना दोहोरिन थाल्यो अनि त्यतिबेला उसले आफैंले आफैलाई सोध्यो 'के यो सपना हो ?'

# ऊ



✍ रिती फूयाँल

कक्षा १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

मनको किताामा पनि गुलाफ उसको थियो
रातको निद्रामा सधैं सपनी उसकै थियो
कति माया गर्छौ र उसको पहिलो प्रश्नमा
तिमी बिना मर्छु मेरो पहिलो जवाफ थियो ।

गुमाउनुभन्दा पनि पाउनु नै छ उसलाई
अरुको भन्दा आफ्नो बनाउनु छ उसलाई
कहि कतै हराउँछौ कि भन्ने डरले
यो मनमा सधैं बाँधेर राख्नु छ तिमीलाई ।।

तिम्रो त्यो मिठो बोली सुन्दा
मेरो मनको कुना कुनाले निकै धक्का दिन्छ
कसरी भनूँ कति माया गर्छु म उसलाई
सधैं मसँगै राख्ने मन छ तिमीलाई ।।।

तिमीसँग गरेका ती दुईचार ओटा बात
नमेटिने गरी छापिदियौ मुटुमा त्यो याद
भेट्न निकै आतुर भएको छु म उसलाई
जोड्न मन थियो यो मेरो मन तिमीलाई ।।।।

लघुकथा

# म नराम्री छु है ?



✍ ईगम खालिङ

सन्त जोसेफ स्कुलको अलिकति अघि एउटा गिर्जाघर छ । गिर्जाघर भएर जाने बाटो स्कुले नानीहरू ताँत लागेर हिँड्छन् । मैले देखेका ती नानीहरूमध्ये एउटी चार-पाँच कक्षा पढ्ने नानीचाहिँ गिर्जाघरको गेटअघि घुँडा टेकेर प्रार्थना गर्ने गर्छे । मैले उसलाई त्यहाँ त्यसरी प्रार्थना गरेर स्कुल गएकी देखेको यस्तै एक हप्ताजस्तो भइसकेको थियो ।

त्यो दिन पनि म त्यही गिर्जाघर भएर जाने बाटामा छेउ लागेर उभिरहेको थिएँ । त्यो दिन पनि त्यस नानीले त्यसरी नै प्रार्थना गरी । त्यस नानीका बारेमा जान्ने मन त लागेको थियो तर अलिक हतार भएको हुनाले कसैलाई सोध्न पाइनँ । तर मेरो मनमा कुरा खेलिरहे–त्यो नानी त्यस गिर्जाघरअघि किन त्यसरी सधैं प्रार्थना गर्छे ? आमाबाबाले नै त्यस्तो संस्कार दिएको पो हो कि ! उसले प्रार्थनामा के मनोकामना गर्छे ? के साह्रो मायालु नानी !

भोलिपल्ट पनि मैले उसलाई त्यहाँ फेरि देखें र आज चाहिँ सोधिहाल्छु भनेर अलिक अघि गएर उसलाई पर्खिरहें । मेरो गाडी आइपुग्यो तर पनि म गइनँ । दुई-तीन मिनटबाद ऊ त्यहाँबाट आँसुसरि भएर निस्किई । ऊ मेरो नजिक आइपुग्नसाथ मैले अलिकति स्वर बनाएर सोधें, 'नानी ! तिमी रोयौ पो क्या हो ?'

मैले त्यसरी एक्कासि प्रश्न गरेको हुनाले ऊ लजाउँदै अलिक पर सरी । त्यसपछि आफ्नो जामामा लागेका धूलाहरू टकटकाउँदै बोली, 'होइन अंकल, म प्रार्थना गर्न बसेकी थिएँ ।' 'तर तिम्रो आँखा त सुन्निएको छ नि !' मैले उसलाई अप्ठ्यारो नमानी भनिदिएँ ।

'अंकल ! प्रार्थना गर्दा मलाई सधैं यसरी नै आँसु आउँछ । मेरो साथीले भनेको प्रभुको अघि रोयौं भने मन शान्ति हुन्छ हरे साथै मनोकामना पनि पूरा हुन्छ हरे !' त्यति भनेर उसले अघि बढ्नलाई तर्खर गरी । म पनि ऊसित अलिक परसम्म हिँड्ने विचार गरें । म उसकै रफ्तारमा हिँडिरहेको थिएँ । मैले उसको नाम सोधें, 'नानी ! तिम्रो नाम के हो ?' उसले छोटो उत्तर दिई, 'कृतिका' । मैले लगत्तै अर्को प्रश्न गरें, 'अनि तिम्रो साथीको नाम चाहिँ ?'

'राम !' 'राम बिरामी छ । रामलाई उसका आमाबाबाले असध्य माया गर्छन् । ऊ पढ्नमा पनि तेजी छ । तर अहिले ऊ बिरामी छ र नै म यहाँ उसका निम्ति प्रार्थना गरिरहेको छु । रामलाई राम्ररी जाती भएर मात्र स्कुल आउनु भनेर खबर पठाएको छु । राम छैन भने मलाई स्कुलमा सुन्ने लाग्छ । पहिले म मेरा आमा र पापाका आत्माशान्तिका निम्ति प्रार्थना गर्थें तर अहिले म रामका निम्ति गरिरहेको छु ।' उसले मलाई रुन्चे स्वरमा आफ्नो मनका कुरा सुनाई । त्यसपछि उसका साना साना हातहरूले आँखाका आँसु पुछ्दै विश्वासको साथमा बोली, 'अंकल ! राम कति र म्रो नाम छ नि ! राम त भगवान् हुन् । त्यसैले हाम्रो राम पनि कति दयालु छ !'

त्यस नानीका कुरा सुनेर कुनिकिन मन कटक्क भएर आयो । मनभित्र कता कता भावनाहरू छछल्किएर आए । उसका फदयमा ईश्वर, बोलीमा संगीत अनि आँखामा अदृश्य मर्म थिए । अलिक पर पुगेपछि हामी दुवै एकछिन उभ्यौं । उसले चुपचाप भित्तामा झोला अड्याएर बिसाई । मैले उसलाई एकटक लगाएर हेरिरहें । ऊ अलिकति मुसुक्क हाँसेर झोलाबाट ज्यामिति बक्स झिक्दै भनी, 'अंकल ! यो ज्यामिति बक्स, कलम, खाता र किताबहरू सबै रामका आमाबाबाले नै दिएका हुन् ।'

झोलाको चेन लगाउँदै ऊ बोलिरह्यो, 'रामले भनेको साथीलाई मद्दत गर्यौं भने हामी स्वर्गमा पुग्छौं हरे ! स्वर्गमा ईश्वर, आमा र पापा सबै हुन्छन् हरे ! तर म स्वर्ग जान चाहन्नँ ।'

त्यस नानीका कुरा सुनेर म आफैंमा ईश्वर खोजिरहेको थिएँ । उसका मिठो बोली, आँखाभरि आँसु र गहिरो कुराले मलाई अचल बनाइरहेका थिए । म केही क्षण चुप लागेर उसलाई हेरिरहें । मलाई मात्रै ऊ बोलेकी सुन्न र हेर्न मन लागिरह्यो । मेरो मनले भनिरह्यो कि उसको फदयमा एउटा गुप्ती मर्म छ जहाँसम्म म पुग्नै सकिरहेको छुइनँ । उसले हिँड्ने आग्रह गरी र हामी अघि बढ्यौं । मैले फेरि कुरा झिकें, 'भन त नानी, तिमी किन स्वर्ग जान चाहँदैनौं ? स्वर्गमा त सुखै-सुख हुन्छ । तिमीले भनेजस्तो आमाबाबा, ईश्वर र साथीभाइहरूसित बस्न पाइन्छ । सुनेको त्यहाँ कुनै कुराको कहिल्यै अपुग र दुःख हुँदैन ।'

उसले झन् गम्भीर हुँदै भनी, 'त्यसैले त म जान चाहन्नँ ।' किन चाहँदैनौ मात्र भनेको थिएँ उसले आँसु पिलपिल खसाल्न थाल्छे । उसको आँखाबाट आँसु झरेको झरेकै हुन्छ तर आवाज भने पटक्क निस्किँदैन । मेरो उत्सुक्ता झन् बढेर जान्छ ।

मैले उसलाई रुमाल दिँदै भने, 'भन त नानी, तिमी स्वर्ग जान किन चाहँदैनौ ?' 'म आमा र पापास' पटक्क बस्न चाहन्न । बाजे भन्नुहुन्छ कि मेरो पापा गोरो थिए हरे अनि आमा पनि खुब गोरी थिइन् हरे, तर म काली जन्मेपछि पापाले आमासित झगडा गरेर घर छोडेर जानुभयो हरे ! म चार बर्षको हुँदा आमाको मानसिक स्वास्थ्य बिग्रिएर हामी सबैलाई छाडेर गइन् हरे !' भन्दै घोप्टिएर सुकसुक गर्दै रुन थाली । रुमालले आँसु पुसिसकेपछि अनुहारमा जबरजस्ती मुस्कान भर्दै फेरि बोली, 'स्कुलमा पनि सबैले काली काग भनेर बोलाउँछन् । सर-मिसहरूले पनि काली भन्दै बोलाउँछन् ।'

म केही बोल्नै सकिनँ । ऊ फेरि मन दुखाएर सुकसुकाउन थाली तर मैले उसलाई नरोऊ नानी पनि भन्न सकिनँ । मेरो फदय भरिएर आयो । म ऊसित स्कुलको गेटसम्म गएँ । मैले उसलाई मिठाई खाने केही रुपियाँ हातमा थमाइदिँदा पनि ऊ मानिन । छुट्ने बेलामा मेरो हात समातेर मुसुक्क हाँस्दै मलाई एउटा प्रश्न गरी, 'अंकल ! म नराम्री छु है ?'

म हेरेको हेरेकै भएँ । ऊ कति बेला त्यहाँबाट भित्र पसी मलाई थाहै भएनँ । एकछिनपछि स्कुलको घन्टी बज्दा मात्र म झसङ्ग भएँ । त्यो दिनभरि मेरो कानमा त्यस नानीको आवाज घरिघरि गुँजिरह्यो–'म नराम्री छु है ?'

# बलात्कारी



✍ संस्कृति महत


कक्षा : ८, नवोदय शिशु सदन

नष्ट गर्छन् नारीको जीवन
स्वतन्त्र भई बाच्न दिँदैनन्
सुरक्षित जीवन हुँदैन नारीको
मनको डर जान दिँदैनन्

अपराध गरी किन बाच्छन् स्वतन्त्र
किन कहिल्यै पाउँदैनन् दण्ड
किन उनीहरु कैदमा छैनन्
के उनीहरु दोषी हैनन् ?

दोषी त बलात्कारी हुन्छन्
यो समाजले नारीलाई नै हेप्छन्
सजाय त नारीले पो पाउँछन्
अन्तिम सासमा समेत उनी तड्पिन्छन्

# हात मिलाई सँगै निस्केर जाऊँ



✍ प्रा. डा. मोहन प्रसाद जोशी

हर दिन आखिरको ठान्दै जाऊँ
त्यै भावमा राति सुत्न जाऊँ
बिहान बिउँझेमा टाउको झुकाऊँ
अर्को दिन पाएछु भन्दै जाऊँ

आफूलाई यस्तरी तयार बनाऊँ
समय आएपछि सजिलै जाऊँ
पाकेको फलको गुण पाऊँ
बोटबाट छुट्दिंदा नछटपटाऊँ

जीवन र मरणमा विरोध नल्याऊँ
दुई पक्ष्य सत्यका भनी अपनाऊँ
हालको यात्रा हाँसेर सिध्याऊँ
नयाँ यात्रामा उत्साहले जाऊँ

अन्तिम पलालाई शत्रु नबनाऊँ
तर्सेर उसको सौन्दर्य नगुमाऊँ
ऊ आउने बेलामा ढोकामा जाऊँ
हात मिलाई सँगै निस्केर जाऊँ

# निर्यातमा जस्तै रेमिट्यान्समा नगद अनुदान किन नदिने ?



काठमाडौं/विदेशमा काम गर्ने नेपालीले पठाउने रकम (रेमिट्यान्स) बाट धेरै नेपालीको घर मात्र चलेको छैन, समग्र मुलुकको अर्थतन्त्रमा समेत यसकै भरोसा छ । तर, सरकारले विदेशबाट फर्किंदा परिवारका लागि एउटा मोबाइल ल्याउँदा समेत भन्सार तिर्नुपर्ने भनेपछि अहिले 'नो रेमिट्यान्स' अभियान चलाइरहेका छन् ।

उनीहरुले निर्णय फिर्ताका लागि दबाब बढाउन हुण्डी (अवैध रेमिट्यान्स)बाट पैसा पठाउन भन्दै अभियान चलाएपछि सरकार आफ्नो कदमबाट पछि हटेको छ । रेमिट्यान्स पठाउन प्रोत्साहन गर्नुपर्ने सरकारले पटक-पटक झिटिगुन्टाको नीति फेर्दा विदेश बस्ने नेपालीहरु चिढिने गरेका छन् । सरकारले रेमिट्यान्सलाई औपचारिक च्यानलबाट पठाउने कुरालाई प्रभावकारी ढंगले प्रोत्साहित गर्नुको साटो उल्टै विभिन्न नीतिहरुबाट पीडित बनाउँदा रेमिट्यान्सको वृद्धिदरमै असर परेको छ ।

हरेक वर्ष सामान्य दरमा बढिरहेको रेमिट्यान्सको वृद्धिदर खुम्चिंदा मुलुकको आयात निर्यातको चक्र नै बदलियो, सरकारले गत वर्ष विलासी वस्तुको आयात नै रोक्नेसम्मको नीति लिनुपर्‍यो । किनकि नेपालको वस्तु तथा सेवा आयातको आधाभन्दा बढी हिस्सा रेमिट्यान्सबाटै जुटिरहेको छ ।

तथ्यांकअनुसार आव ०७०/७१ मा २५ प्रतिशतले बढेको रेमिट्यान्सको वृद्धिदर त्यसपछिका वर्षहरुमा क्रमश: घट्दै ०७१/७२ मा १३.६ प्रतिशत, ०७२/७३ मा ७.७ प्रतिशत, ०७३/७४ मा ४.६ प्रतिशत मात्रै बढेको थियो । आर्थिक वर्ष ०७४/७५ मा ८.६ प्रतिशत र ०७५/७६ मा १६.५ प्रतिशतमा झरेको थियो । कोरोना महामारी सुरु भएको आर्थिक वर्ष ०७६/७७ मा रेमिट्यान्सको वृद्धिदर ऋणात्मक भएर ०.५ प्रतिशतले घट्न पुग्यो । सरकारले समयमै र सस्तो लागतमा विदेशबाट नागरिकको उद्धार नगरेका कारण सो वर्ष पनि 'नोरेमिट्यान्स' अभियान चलेको थियो ।

तर, ०७७/७८मा पुन: उकासिदै रेमिट्यान्स ९.८ प्रतिशतले बढ्यो भने ०७८/७९ मा वृद्धि दर खुम्चिएर ४.८ प्रतिशतले मात्रै बढ्यो । यो वर्षको पहिलो ४ महिनासम्म रेमिट्यान्सको वृद्धिदर २० प्रतिशतसम्म पुगेको छ, तर यसको दीगोपन र स्थायित्वमा आशंका बाँकी छन् ।

यसरी रेमिट्यान्सको वृद्धिदर निरन्तर घट्दै जान थालेपछि सरकारको टाउको दुखाइ सुरु भएको हो । सरकारले वैदेशिक रोजगारीमा रहेकाहरुलाई लक्षित गरी विभिन्न लाभकारी व्यवस्थाहरु त गरेको छ, तर अपेक्षित रुपमा रेमिट्यान्स बढेको छैन । अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय र नेपाल राष्ट्र बैंकसहितका निकायले रेमिट्यान्स बढाउन विभिन्न उपायको खोजी गर्दै आएका छन् । अर्थविद् केशव आचार्य रेमिट्यान्स बढाउन लिएका नीतिले विदेशमा नेपालीले कमाएको सबै रकम स्वदेश पठाउन प्रोत्साहन नमिलेको बताउँछन् ।

**रेमिट्यान्स तान्न अनेक योजना**

हालै सरकारले विदेशमा रहेका नेपालीले सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेर भविष्यमा पेन्सन लिन सक्नेसम्मको व्यवस्था गरेको छ । कोषले आगामी वैशाखदेखि स्वेच्छिक रुपमा वैदेशिक रोजगारीमा रहेकाहरुलाई कोषमा आबद्ध गर्न सकिने गरी कार्यविधि जारी गरेको छ ।

कोषका प्रवक्ता विवेक पन्थीका अनुसार तोकिएको योगदान रकम श्रमिकले मासिक रुपमा कोषमा जम्मा गरेपछि वैदेशिक रोजगारीमा रहेकाहरुले कार्यविधि बमोजिम तीन किसिमका सुविधा कोषबाट पाउनेछन् । कोषले वैदेशिक रोजगारीमा रहेकाहरुलाई कोषमा आबद्ध भएपछि दुर्घटना बीमा, आश्रित परिवार सुरक्षा योजना र वृद्धाअवस्थामा पेन्सन दिने सुविधा दिने गरी कार्यविधि बनाएको छ ।

यसअघि पनि यस्ता रेमिट्यान्स आकर्षित गर्ने नीति नबनेका हैनन् । ८ भदौ २०७८ मा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई पठाएको एकीकृत निर्देशनमा रेमिट्यान्स बचत गर्दा थप एक प्रतिशत बिन्दुले ब्याज बढी दिन भनेको छ । बैंकहरुले पनि रेमिट्यान्स बचत र मुद्दती निक्षेपमा १ प्रतिशत अतिरिक्त ब्याज दिँदै आएका छन्, तर यसले रेमिट्यान्स बढाउन कति भूमिका खेल्यो भन्ने स्पष्ट छैन । बरु बैंकहरुले यस्तो व्यवस्थाको दुरुपयोग गरेर स्वदेशकै ग्राहकलाई स्व-घोषणा गराएर रेमिट्यान्स निक्षेपको नाममा बढी ब्याज दिंदै तरलता खिचिरहेको बैंकरहरुको गुनासो छ ।

'निक्षेपमा एक प्रतिशत थप ब्याज दिन सकिने भएपछि बैंकहरुले अन्य निक्षेपलाई समेत स्व-घोषणा गराएर रेमिट्यान्स निक्षेपको नाममा बढी ब्याज दिंदै तरलता खिचिरहेका छन्,' एक बैंकरले भने । बैंकर्स संघमा परेको उजुरीहरुले पनि रेमिट्यान्स निक्षेपको नाममा बैकहरुले गलत अभ्यास गरिरहेको पुष्टि गर्ने उनको दाबी छ ।

आर्थिक वर्ष २०७८/७९ को सुरुवाती महिनामा औसतमा एक महिनामा ७५ अर्ब रुपैयाँ रेमिट्यान्स आएकामा चालु आर्थिक वर्षमा औसतमा ९५ अर्ब रुपैयाँ आएको राष्ट्र बैंकको तथ्यांक छ । तर रेमिट्यान्स वृद्धिमा थप ब्याजदर सहितको प्रोत्साहनमूलक नीतिको भूमिका कति छ भन्ने यकिन नभएको नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन् । 'समग्रमा हेर्दा रेमिट्यान्समा जस्तो सुधार भएको छ । त्यसले निक्षेपमा र विदेशी मुद्रा सञ्चितिमा पनि केही सहयोग भएको छ', उनी भन्छन्, 'त्यस्ता व्यवस्थाले रेमिट्यान्सलाई औपचारिक प्रणालीमा ल्याउन कति योगदान दियो भन्ने विवरण भने छैन ।'

रेमिट्यान्सको ठूलो हिस्सा परिवारको आवश्यकता पूर्तिमै सकिने हुनाले जति आकर्षक स्किम ल्याएपनि बचतका रुपमा आउन एक बैंकर बताउँछन् । 'रेमिट्यान्सको ठूलो हिस्सा परिवारको शिक्षा, स्वास्थ्य तथा अन्य दैनिक आवश्यकता पूर्तिमै खर्च हुन्छ,' ती बैंकर भन्छन्, 'बैंकहरुले आकर्षक स्किम नै ल्याएपनि दैनिक उपभोगमा हुने खर्च बचतका रुपमा ल्याउन सजिलो छैन ।'

रेमिट्यान्स वृद्धिका लागि सरकारले लिएको अर्को नीति हो, सेयर खरिदमा प्रोत्साहन । नेपाल धितोपत्र बोर्डले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका संशोधन गर्दै १७ कात्तिक २०७९ देखि कम्पनीहरुको प्राथमिक सेयरमा विदेशमा रोजगारी गरिरहेका नेपालीलाई १० प्रतिशत आरक्षण दिने व्यवस्था गरेको छ । यो व्यवस्थापछि केही कम्पनीको आईपीओ यस्तो कोटामा आधारित भएर खुलिसके । तर, यसमा विदेशमा काम गर्ने नेपालीको आकर्षण देखिएको छैन । सुपरमाई हाइड्रोपावर कम्पनीले २१ मंसिर देखि वैदेशिक रोजगारीमा रहेका नेपालीको लागि प्राथमिक सेयर निष्कासन गर्दा ८ हजार ७८ जनाले आवेदन दिए । एसियन हाइड्रोपावरले २७ मंसिरमा प्राथमिक सेयर निष्कासन गर्दा ८ हजार ८७७ जनाले आवेदन दिए ।

शिवम् पावरले ६ पुसमा प्राथमिक सेयर निष्कासन गर्दा १३ पुसको साँझसम्म ७ हजार २२० जनाले आवेदन दिएका छन् । करिब २० लाख नेपाली कामका लागि विदेशमा रहेको अनुमान छ । तर उनीहरुकै लागि भनेर गरिएको सेयर खरिदको यो व्यवस्थामा सहभागी हुनेको संख्या भने १ प्रतिशत भन्दा पनि कम हो । नेपाल धितोपत्र बोर्डका प्रवक्ता मुक्तिनाथ श्रेष्ठ यो व्यवस्था भर्खरै कार्यान्वयनमा आएकाले विदेशमा रहेकाहरुलाई जानकारी नभएको हुन सक्ने बताउँछन् । 'आवेदनको व्यवस्था र प्रक्रियाबारे बोर्डमा श्रमिक आफैं र परिवारका सदस्यहरुले पनि चासो दिएर सोधखोज गरिरहेका छन्,' उनी भन्छन्, 'सुरु-सुरुको निष्कासन भएर पनि धेरै आवेदन पर्न नसकेको हो ।'

सेयरमा खरिदमा गरिएको यो व्यवस्थाले रेमिट्यान्स औपचारिक माध्यमबाट पठाउनुपर्ने रहेछ भन्ने सन्देश दिनसक्ने श्रेष्ठ बताउँछन् । त्यस्तै सरकारले आन्तरिक ऋण उठाउँदा २०६७ सालदेखि वैदेशिक रोजगारीमा रहेकाहरुका लागि छुट्टै वैदेशिक रोजगार बचतपत्र जारी गर्दै आएको छ । अरु बचतपत्रमा भन्दा बढी ब्याज दिँदा पनि बचतपत्र खरिद गर्नेको संख्या ज्यादै न्यून छ ।

अहिलेसम्म राष्ट्र बैंकले १४ अर्ब ८ करोड ७९ लाख रुपैयाँको वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको छ, तर त्यसमा विदेशमा कार्यरत नेपालीले ७३ करोड ५९ लाख रुपैयाँ मात्रै लगानी गरेका छन् । यो कुल निष्कासनको ५.२२ प्रतिशत मात्रै हो । आर्थिक वर्ष ०७८/७९ मा १२.५ ब्याजदरमा ५० करोड रुपैयाँको निष्कासन यस्तो बचतपत्र निष्कासन हुँदा ५ करोड ६७ लाख (११.३४ प्रतिशत) को मात्रै बिक्री भएको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा ५० करोड रुपैयाँको बचतपत्रमा १ करोड ५३ लाख रुपैयाँको र अर्को ५० करोड रुपैयाँको निष्कासनमा ३ करोड ९९ लाख रुपैयाँको मात्रै बचतपत्र बिकेको थियो । अर्थविद् आचार्य बचतपत्रबारे विदेशमा रहेका धेरै नेपालीलाई जानकारी नै नभएको बताउँछन् । 'स्रोत मुलुकमै गएर यसबारे प्रचार हुनुपर्ने हो, यत्रो वर्षसम्म पनि बचतपत्रमा लगानी गर्न श्रमिक किन इच्छुक भएनन् भन्नेबारे समीक्षा आवश्यक छ,' आचार्य भन्छन् ।

रेमिट्यान्स बढाउन सरकारले लिएका कुनै पनि नीतिको परिणाम भने आशालाग्दो छैन । अर्थविद् केशव आचार्य भन्छन्, 'अहिलेसम्मका नीतिहरु पर्याप्त र प्रभावकारी भएनन्, देशको वाह्य क्षेत्र सुधार्न सरकारले पनि केही लगानी गरेर प्रोत्साहित गर्ने खालको नीति लिनुपर्छ ।'

**किन भएनन् प्रभावकारी ?**

सरकारले रेमिट्यान्स नबढ्नुको मुख्य कारण अनौपचारिक माध्यम, अर्थात हुण्डीबाट रकम पठाउनुलाई मानेको छ । त्यसैले उसले हुण्डीमार्फत रकम पठाउन निरुत्साहित गरेर औपचारिक माध्यमबाट पठाउन प्रोत्साहन गर्ने प्रयास गरेको छ ।

तर सजिलो, छिटो र सस्तो दरमै हुन्डी हुने गरेका कारण सरकारी नीतिहरु प्रभावकारी हुन नसकेको एक बैंकर बताउँछन् । हुन्डीमार्फत पठाउँदा सेवा शुल्क नलाग्ने र घरमै पैसा पुग्ने हुँदा वैदेशिक रोजगारीमा रहेका धेरैले हुण्डीमार्फत घरमा पैसा पठाउने गरेका छन् । अनौपचारिक माध्यमबाट भित्रिने रेमिट्यान्स हुण्डी हो । हुण्डी अन्तरदेशबीच पैसा कारोबार गर्ने अवैध तरिका हो । दुवै देशमा सम्पर्क व्यक्तिहरू राखेर यस्तो कारोबार हुने गरेको छ ।

विदेशबाट पैसा पठाउँदा बैंकिङ च्यानलबाट पठायो भने त्यो रेमिट्यान्समा गनिन्छ भने बैंकिङ च्यानलबाट नभई अन्य दलालहरु मार्फत सीधै पैसा पठाउनुलाई हुण्डी कारोबार भनिन्छ । कार्यथलोमै लिन आउने र घरमै पुर्‍याइदिने भएपछि अनि धेरै शुल्क पनि नलाग्ने भएकाले मानिसहरु हुण्डीमा आकर्षित हुने गरेका छन् । हुण्डीबाट पैसा पठाउँदा बैंकिङ प्रणालीबाट पठाउँदा भन्दा कम समय लाग्ने, पैसाको स्रोत खुलाउने तथा अन्य प्रक्रियागत झन्झट पनि नहुने भन्दै हुण्डीको माध्यम प्रयोग गरेर थुप्रै नेपालीले विदेशबाट पैसा पठाउने गरेका छन् । जुन पूर्णत: गलत र गैरकानूनी हो । हुण्डी गरेको सरकारी कोषमा विदेशी मुद्रा आउँदैन । घरपरिवारले पाएको रकम बढिरहेको देखिन्छ, तर औपचारिक च्यानलबाट आएको रकम भने कम देखिन्छ ।

अनौपचारिक क्षेत्रबाट आएको रेमिट्यान्सले विदेशी मुद्राको सञ्चिति घटाउँछ । यसले अनधिकृत व्यापार व्यवसायसँगै राजश्व समेत घटाउँछ । हुण्डी मार्फत गरिने कारोबारमा जोखिम बढी हुन्छ । पठाएको रकम बीचैमा हिनामिना हुनसक्ने खतरा समेत हुन्छ । नेपालले हुण्डीमार्फत आउने रेमिट्यास रोक्ने हो भने यो रकम अहिलेकै अवस्थामा पनि धेरै हदसम्म बढ्न सक्ने विज्ञहरु बताउँछन् ।

**पैसा पठाउन चर्को शुल्क**

सरकारले रेमिट्यान्स आकर्षित गर्न विभिन्न उपाय लगाए पनि रेमट्यान्स पठाउँदाको लागत घटाउन भने चासो दिएको छैन । सबैजसो श्रम गन्तव्य मुलुकबाट नेपालमा पैसा पठाउन १० प्रतिशतसम्म शुल्क तिर्नुपर्छ । अर्थात् १०० रुपैयाँ पठाउँदा १० रुपैयाँसम्म शुल्क लाग्छ । रेमिट्यान्स कम्पनी, उनीहरुका एजेन्ट र बैंकले लिने कमिसन तथा सम्बन्धित देशको नीतिका कारण रेमिट्यान्स पठाउँदाको लागत बढी परेको छ । अमेरिकी र युरोपेली देशबाट पैसा पठाउन १० प्रतिशतसम्म सेवा शुल्क लाग्छ । त्यसैले ती देशका नेपालीले पैसा पठाउँदा हुण्डीको सहारा लिने गरेका छन् ।

नेपाल राष्ट्र बैंकको 'विप्रेषण आप्रवाहको स्थिति-२०७६' शीर्षकको अध्ययन प्रतिवेदनले पनि नेपालमा रेमिट्यान्स पठाउने शुल्क महँगो भएकाले सम्भावना अनुसार रेमिट्यान्स रकम औपचारिक माध्यमबाट नआएको निष्कर्ष निकालेको थियो ।

अध्ययन अनुसार मलेसियामा कार्यरत नेपालीले २०० डलर (करिब २४ हजार रुपैयाँ) पठाउन ३.४ प्रतिशत अर्थात् करिब ८०० रुपैयाँ शुल्क तिर्नपर्छ । यूएईबाट त्यति नै रकम पठाउन ४ प्रतिशत अर्थात् करिब ९६० रुपैयाँ शुल्क लाग्छ । कतारबाट २४ हजार रुपैयाँ पठाउन करिब १ हजार ३५ (४.३ प्रतिशत), साउदीबाट त्यति नै रकम पठाउन करिब ११ सय रुपैयाँ (४.६ प्रतिशत) शुल्क लाग्छ ।

राष्ट्र बैंकका अनुसार अमेरिकाबाट २४ हजार रुपैयाँ पठाउन १३ सय रुपैयाँ (५.४ प्रतिशत) शुल्क लाग्छ । औसतमा यी देशबाट २०० डलर रेमिट्यान्स पठाउने श्रमिकले १ हजार रुपैयाँ (४.३ प्रतिशत) शुल्क तिर्नुपर्छ । ५०० डलर अर्थात् ६० हजारभन्दा माथि रेमिट्यान्स पठाउँदा औसतमा १८ सय रुपैयाँ (२.९ प्रतिशत) शुल्क लाग्ने गरेको छ । नेपालमा रेमिट्यान्स पठाउने श्रमिकले भारत र बंगलादेशका श्रमिकले भन्दा बढी लागत ब्यहोर्ने गरेको राष्ट्र बैंकको अध्ययनले औंल्याएको छ । मलेसियाबाट २०० डलर पठाउँदा नेपाली श्रमिकले ८०० रुपैयाँ तिर्छन् भने भारतीयले करीब ७ सय तिर्नुपर्छ ।

अध्ययन प्रतिवेदनले २०० डलर वा सो भन्दा कम रकम पठाउँदा लाग्ने लागतमा कमी ल्याउन सके रेमिट्यान्स औपचारिक माध्यमतर्फ आकर्षित हुनसक्ने सुझाव दिएको छ । तर, सरकार र राष्ट्र बैंक रेमिट्यान्स पठाउँदा मनि ट्रान्सफर र तिनका एजेन्टले लिने औपचारिक कमिसन घटाउने विषयमा छलफल गर्न तयार छैनन् ।

रेमिट्यान्स पठाउन महँगो पर्ने भएकै कारण नै अवैध कारोबार, न्यून बिजकीकरण र लगानी गर्ने गिरोहले धेरै श्रमिकको पैसा हुण्डीमार्फत कारोबार गर्न पाएका छन् । यस्ता समूहबाट कतिपय नेपाली ठगिएकासमेत छन् । अर्थविद् आचार्य रेमिट्यान्स प्रोत्साहन गर्न बनाइएका नीतिहरुमाथि समीक्षा आवश्यक रहेको बताउँछन् । लागत घटाएर नगदमै प्रोत्साहन गर्नेसम्मका नीतिमा जानुपर्ने उनको सुझाव छ ।

सरकारले विनिमय सञ्चिति बढाउन विदेशी मुद्रा आर्जनका लागि निर्यात व्यापार गर्नेहरुलाई विभिन्न प्रोत्सानमुलक नगद अनुदान प्याकेजहरु ल्याएको छ । निर्यात प्रोत्साहन गर्दा विदेशी मुद्राको आय बल्ल वार्षिक २ खर्ब ३ करोड रुपैयाँसम्म पुगेको छ ।

यता श्रमशक्ति विदेशिंदा देशले वर्षमा १० खर्ब ७ अर्ब रुपैयाँसम्म विदेशी मुद्रा कमाएर देशमा पठाइरहेका छन् ।

*(स्रोत: अनलाइखबर)*


**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*


# आन्दोलनको रुपमा मनाइयो तमु ल्होछार

साझाकुरा संवाददाता



हेटौंडा, १५ पुस/ मकवानपुरमा बसोबास गर्ने गुरुङ समुदायले आफ्नो बिशेष पर्वको रुपमा तमू ल्होछार अर्थात् नयाँ बर्षलाई सामुहिक रुपमा मनाएका छन् । शुक्रबार हेटौंडा ११ स्थित सहिद स्मारकमा शुभकामना आदनप्रदानसँगै नाचगान गरेर ल्होछारलाई मनाएका हुन् ।

तमु ह्युल छोंज धि (गुरुङ्ग राष्ट्रिय परिषद्)मकवानपुरले आयोजना गरेको कार्यक्रमका वक्ताहरुले तमू ल्होछारसहित जनजातिको बिशेष पर्वहरुको संरक्षण र प्रवर्द्धनका लागि तीनै तहको सरकारले विशेष ध्यान दिनुपर्ने बताए । गुरुङ्ग राष्ट्रिय परिषदका केन्द्रीय सदस्य जंगबहादुर गुरुङ्गले गणतान्त्रिक नेपालमा ल्होछारमा सार्वजनिक विदा दिनु सकारात्मक भएपनि मौलिक संस्कृती संरक्षण गर्न सरकारले बजेट विनियोजन गर्नुपर्ने बताउँनुभयो ।

'तमू ल्होछार नेपालकै मौलिक पर्व हो, तर तीन तहको सरकार भएर पनि खासै ध्यान दिएको छैन,' उहाँले भन्नुभयो, 'आर्थिक सहयोग गरेर ल्होछारलाई साँस्कृतिक उत्सवको रुपमा मनाउन ध्यान दिनुपर्छ ।' नेपाल आदिवासी जनजाति महासंघका मकवानपुर अध्यक्ष समेत रहनु भएको उहाँले आफ्नो भाषा, संस्कृतीसँगै ल्होछार जस्ता पर्वको मौलिकता जोगाउँन आदिवासी जनजाति गम्भीर हुनुपर्ने बेला भएको बताउँनुभयो ।

गुरुङ्ग राष्ट्रिय परिषद् मकवानपुरका अध्यक्ष अमिर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल तामाङ घेदुङ मकवानपुरका सचिव आत्मराम मोक्तान, थारु कल्याणकारिणी सभा मकवानपुरका जिल्ला सभापती हरिलाल चौधरी लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल कुमाल समाज सुधार समितिका केन्द्रीय सचिव भैरब बहादुर कुमाल, भुजेल समाज सेवा समितिका केन्द्रीय कोषाध्यक्ष भीम भुजेल, दनुवार जागरण सेवा समिति मकवानपुरका सचिव कृष्ण बहादुर राई दनुवार, सेनानी मेजर विमल गुरुङ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठ, गुरुङ्ग राष्ट्रिय परिषद् मकवानपुरका संरक्षक पुष्प बहादुर गुरुङ लगायतको आतिथ्य रहेको थियो ।

करिब तीन सय ५० जना गुरुङको सहभागिता रहेको कार्यक्रममा गुरुङ्ग पहिरनमा सजिएका गुरुङ्ग युवा युवती, बालबालिकाहरुले गुरुङ्ग साँस्कृतिक नाच, गान प्रस्तुत गरेका थिए । मकवानपुरमा वि.सं. २०५५ सालदेखी गुरुङ समुदायले सामुहिक रुपमा तमू ल्होछार अर्थात् नयाँ बर्ष मनाउँदै आएका छन् ।

# निर्मला हत्या प्रकरणको अनुसन्धान ब्यूँतियो

## डीआईजीको नेतृत्वमा नयाँ समिति गठन



काठमाडौं/निर्मला हत्या प्रकरणमा अनुसन्धानका लागि फेरि नयाँ समिति गठन भएको छ । उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको निर्देशनका आधारमा अनुसन्धानका लागि प्रहरी प्रधान कार्यालय, नक्सालले नयाँ अनुसन्धान समिति गठन गरेको हो ।

गृहमन्त्रीको कार्यभार सम्हाल्दा नै लामिछानेले निर्मला पन्तको न्यायका लागि अधिकतम पहल गर्ने निर्णयमा हस्ताक्षर गरेका थिए । गृहमन्त्रीको निर्णय कार्यान्वयनका क्रममा प्रहरी प्रधान कार्यालय, नक्सालले केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) की प्रहरी नायब महानिरीक्षक (डीआईजी) दुर्गा सिंहको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको हो । समितिमा ब्यूरोका प्रहरी उपरीक्षक (एसपी) कमल थापा, प्रहरी निरीक्षक (इन्स्पेक्टर) धिरेन्द्र रोकाया, मनोचिकित्सकसहितका सदस्यहरु छन् ।

उनीहरुलाई निर्मला प्रकरणको अनुसन्धान नयाँ शिराबाट गर्न कार्यादेश दिइएको प्रहरी उच्च स्रोतले बतायो । सिंह प्रहरी उपरीक्षक (एसपी) हुँदा पनि कञ्चनपुर पुगेर निर्मला हत्या प्रकरणको अनुसन्धानमा खटिएकी थिइन् । अन्य सदस्यहरु पनि यसअघि घटनाको अनुसन्धानमा संलग्न अधिकृतहरु हुन् ।

१० साउन २०७५ मा कञ्चनपुरको भीमदत्त नगरपालिका २, उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको शव भेटिएको थियो । कक्षा ९ मा पढ्ने बालिका निर्मलाको बलात्कारपछि हत्या भएको अनुसन्धानबाट देखिएको थियो ।

प्रहरीले घटनाको २५ दिनपछि मुख्य आरोपीका रुपमा स्थानीय दिलीपसिंह विष्टलाई सार्वजनिक गरेको थियो । तर, स्थानीयले उनी मानिसक रोगी भएको दाबीसहित घटनामा संलग्न हुन नसक्ने बताउँदै आन्दोलन चर्काएका थिए । त्यसक्रममा प्रहरीको गोली लागेर एकजनाको मृत्यु पनि भयो ।

तत्कालीन अनुसन्धान अधिकृतहरुले निर्मलाको 'भजाइनल स्वाब' प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाएका थिए । त्यसबाट निकालिएको डीएनएसँग निर्मलाको डीएनए म्याच नभएपछि २६ भदौमा उनी छुटेका थिए ।

**प्रहरी हेडक्वार्टरमा गृहमन्त्रीले लिए ब्रिफिङ**

उपप्रधान एवं गृहमन्त्री लामिछाने शुक्रबार निरीक्षणका लागि प्रहरी प्रधान कार्यालय, नक्साल पुगेका थिए । त्यसक्रममा उनले केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का प्रमुख उत्तमराज सुवेदीसहितका अधिकृतहरुलाई राखेर प्रकरणमा भएको प्रगतिबारे जानकारीसमेत लिएका छन् ।

ब्रिफिङमा सहभागी एक अधिकृतका अनुसार त्यसक्रममा अधिकृतहरुले डीएनएमा मात्र भर पर्दा अनुसन्धान अलपत्र परेको बताएका थिए । उनीहरुले अहिलेसम्मको वस्तुस्थिति बताउँदै फेरि नयाँ शिराबाट अनुसन्धान थालिएको बताएका थिए । प्रहरी स्रोतका अनुसार हालसम्म प्रकरणमा प्रहरीले ११५ जना शंकास्पदको डीएनए जाँच गरेको छ । तर कोहीसँग म्याच भएन । तत्काली प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको कार्यकालको अन्तिममा विष्ट नै आरोपी भएको निष्कर्षसहित उनलाई पुन: नियन्त्रणमा लिने प्रयास भएको थियो ।

निर्मलाकी आमाले दुर्गादेवी विष्टविरुद्ध किटानी जाहेरी पनि दिएकी थिइन् । तर, घटना गिजोलिएको भन्दै थप आधारविना उनलाई पक्राउ गर्न नसकिने निष्कर्ष सहित अनुसन्धान अधिकृतहरुको टोली पछि हटेको थियो । अधिकृतहरुका अनुसार अहिले प्रहरीसँग भएको नयाँ प्रमाण भनेको त्यही जाहेरी मात्र हो । 'नयाँ शिराबाट अनुसन्धान गर्दै जाँदा केही फरक विषय सतहमा आउँछ कि भन्ने अपेक्षा हो' एक अधिकृत भन्छन्, 'यो बीचमा दिलीपसिंहले गरेको अरु गतिविधि पनि निगरानीमा छन् । उनीबाहेक अरु शंकास्पदमाथि पनि अनुसन्धान जारी राखेका छौं ।'


**"तपाईं, हामी सबैको कुरा"**

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षौदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनेछ ।

www.sajhakuranews.com

# वार्षिकोत्सवको अवसरमा नारायणी सहकारीद्वारा सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ हेटौंडामा ठूलो आर्थिक कारोबार गर्ने सहकारीमध्ये एक रहेको ९ नम्बर वडास्थित नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले वार्षिकोत्सवको अवसर पारेर विभिन्न व्यक्तित्वलाई सम्मान गरेको छ ।

२७ औं वार्षिकोत्सवको अवसरमा नवनिर्वाचित सांसद्हरु, पत्रकार, असल बचतकर्ता, ऋणि, ज्येष्ठ नागरिक, एकल महिला, ज्येष्ठ शेयर सदस्य, कर्मचारी तथा सहयोगीहरुलाई सम्मान गरेको छ । सहकारीले सहकारीका असल बचतकर्तामा प्रतिमा बाबु श्रेष्ठ, असल मासिक बचतकर्ता सोमबहादुर दोङ लामा, असल ऋणिमा सुशिला कमिनी, पत्रकार अशोकसुजन श्रेष्ठ, वृद्ध भत्ता प्राप्त गर्ने सदस्यहरु, वडाको ज्येष्ठ नागरिकहरु, एकल महिला, ज्येष्ठ शेयर सदस्यहरुलाई नगद तथा उपहारसहित शुक्रबार सम्मान प्रदान गरिएको हो ।



सहकारीले बागमती प्रदेश सांसद् एकालाल श्रेष्ठ र समानुपातिक प्रदेश सांसद् लक्ष्मी श्रेष्ठलाई दोसल्ला ओढाएर बधाई तथा सम्मान गरेको छ । सहकारीको खुत्रुके बचतकर्ता, उत्कृष्ट बचत समूह, सहकारीको दैनिक निर्माण सामग्री लोड अनलोड गर्ने सहयोगीहरु, संस्थाबाट सम्पूर्ण निर्माण सामग्री प्रयोग गरी घर निर्माण गर्ने सदस्यहरु, नियमित कारोबारीहरु, निर्माण सामग्री बिक्रीमा विशेष भूमिका खेल्नेहरु, सहकारीका विशेष सहयोगीलगायतलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा बागमती प्रदेश सांसद् श्रेष्ठले सहकारी सामाजिक संस्था भएकाले जागरण र समाजको विकासको महत्वपूर्ण काम गर्नुपर्ने बताए ।

हेटौंडा उपमहानगर पालिकाकी मेयर मिनाकुमारी लामाले उपमहानगरले सहकारी सम्बन्धी नीति बनाउँदै गरेको भन्दै आर्थिक उद्यम विकासमा सहकारीहरुले भूमिका खेल्नुपर्ने बताएकी छन् । ऋण लगानी गर्दा सहकारी सचेत हुनुपर्ने भन्दै एक जना ऋणी घाटामा जाँदा समग्र सहकारीमा असर पर्नेमा गम्भीर हुनुपर्ने उनको भनाइ छ । आफ्नो नेतृत्वमा उपमहानगर पालिकाले कोभिड, डेंगु जस्ता रोगबाट नगरवासीलाई जोगाउन महत्वपूर्ण भूमिका खेलेका लामाले दाबी गरेकी छन् । सफा हेटौंडा, स्वच्छ हेटौंडालगायत अभियानमा जोडिन सहकारी र सहकारीकर्मीलाई आग्रह गरिन् ।

कार्यक्रममा जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका अध्यक्ष रामहरि न्यौपाने, सहकारीका सल्लाहकार प्रकाश पौडेल, टोल विकास संस्था वडा समन्वय समिति हेटौंडा-९ की अध्यक्ष रमिला सापकोटालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा हेटौंडा-९ का वडा अध्यक्ष सुकराम केसी, उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य बासु खतिवडा, सहकारीका पूर्वअध्यक्ष निरञ्जन ढकाल, टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाकी उपाध्यक्ष सति खड्का न्यौपानेलगायतको आतिथ्यता थियो ।

# सगरमाथा साकोसको ऋण लगानी साढे १५ करोड

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ हेटौंडा उपमहानगरपालिका-४, स्थित सगरमाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले गत आर्थिक वर्ष २०७८/०७९ मा साढे १५ करोड ऋण लगानी गरेको छ ।

शेयर सदस्यहरुलाई उत्पादनका क्षेत्रमा सहभागी गराउन सहकारीले १५ करोड ५१ लाख रुपैयाँ ऋण लगानी गरेको सहकारीले जानकारी दिएको छ ।

हेटौंडामा भएको साधारण सभामा प्रस्तुत आर्थिक प्रतिवेदन अनुसार सेयर पूँजी ९३ लाख ६८ हजार रुपैयाँबाट बृद्धि भई २ करोड ५३ लाख रुपैयाँ पुगेको उल्लेख छ । सहकारीले आर्थिक वर्ष २०७८/७९ को अन्त्य सम्ममा बचत संकलन १९ करोड ३२ लाख गरेको अध्यक्ष आयुषकुमार डोटेलले जानकारी दिए ।

सहकारीको सेयर सदस्य र सेयर पूँजीमा उल्लेख्य बृद्धि भएको जनाइएको छ । सहकारीका अध्यक्ष डोटेलले शेयर सदस्य ५ हजार एकसय ५३ जना पुगेको जानकारी दिए ।

आर्थिक वर्ष २०७७/०७८ मा ३ हजार २ सय ८८ जना शेयर सदस्य रहेको सहकारीमा आर्थिक वर्ष २०७८/०७९ मा ५ हजार १ सय ५३ जना शेयर सदस्य पुगेको प्रतिवेदनमा उल्लेख छ ।

अध्यक्ष डोटेलको अध्यक्षता तथा बागमती प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, हेटौंडा उपमहानगरपालिकाका सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेलको आतिथ्यता थियो ।

# हेटौंडालाई युनानको मैत्री पार्क हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ छिमेकी राष्ट्र चीनको युनान प्रान्तले भगिनी सम्बन्ध स्थापित गर्न निर्माण गरेको मैत्रीपार्क हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-८ मा निर्माण गरेको मैत्री पार्क युनान कमर्शियल रिप्रिजेन्टेटिभ कार्यालयका नेपाल प्रमुख याङ चिन पिंगले हेटौंडा उपमहानगर पालिकाका प्रमुख मिनाकुमारी लामालाई हस्तान्तरण गरेका हुन् । युनान प्रदेशको नेपाल कार्यालयले बागमती प्रदेश सरकारसँग भगिनी सम्बन्ध स्थापित गरेसँगै कार्यालयले प्रदेशको राजधानी रहेको हेटौंडासँग सम्बन्ध स्थापित गर्दै पार्क निर्माण गरेको हो ।

हेटौंडा उपमहानगर पालिकाको समन्वयमा हेटौंडाका विभिन्न ठाउँमा तय गरेको जमिनमध्ये कार्यालयले हेटौंडा औंधोगिक क्षेत्रको जमिनमा पार्क निर्माणमा रुची देखाएको थियो ।

हेटौंडा औंधोगिक क्षेत्रभित्र रहेको खेल मैदानको पूर्व दक्षिणी भागमा निर्माण गरेको पार्कको लागत भने खुलाइएको छैन । करिब २ महिना लगाएर निर्माण गरेको पार्कमा दैनिक व्यायामका लागि आवश्यक सामग्रीहरु रहेको छ । पार्कमा खेल समयका क्रममा थकान महशुस भएमा बस्ने ठाउँको व्यवस्थासहित सुन्दर हरियालीको व्यवस्था छ । पार्क हस्तान्तरणमा हेटौंडा उपमहानगरपालिकाका प्रमुख लामाले छिमेकी राष्ट्रको युनान प्रान्त र हेटौंडाबीचको सम्बन्धलाई दीगो राख्न यस्ता कामले महत्वपूर्ण भूमिका खेल्ने बताइन् ।

आपसी सम्बन्धको विकासले भाइचारा प्रगाढ बनाउने उनको भनाइ छ । हस्तान्तरणसँगै पार्कको संरक्षण र व्यवस्थापनको जिम्मेवारी हेटौंडा उपमहानगर पालिकाले गर्ने नगर प्रमुख लामाले जानकारी दिएकी छन् ।

पार्क हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-९ का वडा अध्यक्ष सुकराम केसी, हेटौंडा उपमहानगरपालिकाको प्रमुख कार्यकारी अधिकृत शिवराज चौलागाई, नेपाल-चीन कार्यकारी परिषद्का महासचिव राजेन्द्र नकर्मी लगायतको उपस्थिति थियो ।

# मगर बौध सेवा समाजको तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ नेपाल मगर बौध सेवा समाज मकवानपुरको छैठौं वार्षिक भेला तथा वापा/मापा तालिम हेटौंडामा भएको छ ।

हेटौंडा उपमहानगर पालिका-१२, स्थित लखन बाटिकामा सुरु भएको तालिम पुस २१ गतेसम्म सञ्चालन हुने जनाइएको छ । २० जना बढी प्रशिक्षार्थी सहभागी तालिमको प्रशिक्षक धनिराम राना मगर र कृष्णबहादुर काउछा मगर ले सहजीकरण गरेका छन् ।

मगर समुदायको आफ्नै पुरोहित उत्पादन गर्ने उद्देश्यले तालिम आयोजना गरिएको समाजका सचिव राजु दर्लामी मगरले बताएका छन् । तालिम उद्घाटन तथा भेला समाजका अध्यक्ष ज्ञानबहादुर कालिकोटे मगरको सभाध्यक्षता एवम् हेटौंडा उपमहानगरपालिकाका मेयर मिना लामाको प्रमुख आतिथ्यतामा भएको थियो ।

भेलामा नेपाल मगर संघ मकवानपुरका पूर्वअध्यक्षहरुको तर्फबाट टक्कर थापा मगर, केन्द्रीय सल्लाहकार बेली दर्लामी मगर, जिल्ला उपाध्यक्ष उर्मिला राना मगर, पूर्वकेन्द्रीय सदस्य तथा लखन बाटिकाका अध्यक्ष विश्व आले मगर लगायतले मन्तव्य व्यक्त गरेका थिए । भेलाअघि समाजको समन्वयमा हेटौंडा बजारमा भिक्षाटण कार्यक्रम भएको थियो । हेटौंडाको चौकीटोलदेखि सीमाचोकसम्म भएको भिक्षाटणमा पाँच जना मगर भिक्षु उपस्थित थिए ।

# बागमती गाउँपालिकाले भूमिहीनलाई लालपूर्जा वितरण गर्ने

साझाकुरा संवाददाता




हेटौंडा, १५ पुस/ पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले भूमिहीन, सुकुमबासी घरपरिवारलाई जग्गाधनी प्रमाण पूर्जा (लालपूर्जा) वितरण गर्ने भएको छ ।

गाउँपालिकाले भोलि आइतबार पालिकाको कार्यालय झुरझुरेमा भूमिहीन ३० जना घर मुलीलाई पूर्जा वितरण गर्ने भएको हो । बागमती गाउँपालिका अध्यक्ष सर्केस घलानले गएको मंसिर ४ गतेको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन आचारसहिंताका कारण रोकिएको लालपूर्जा वितरण सुरु गरिन लागेको बताए । उनले ३० जना भूमिहिन दलित, सुकुम्बासी परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्न लागिएको जानकारी दिए ।

पालिकाको वडा नम्बर ४ का २८ जना र ५ नम्बर वडाका २ जना गरी ३० जना भूमिहीन दलित, सुकुमबासी घरपरिवारलाई पूर्जा वितरण गर्न लागिएको प्रशासकीय प्रमुख झम्कनारायण घलानले जानकारी दिए । भूमिहिनलाई भूमिमालिक बनाउने कार्यको अब निरन्तरता दिने भन्दै अध्यक्ष घलानले बोलेको प्रतिबद्धता पूरा गरेरै छाड्ने बताए । बागमती गाउँपालिकाले २०७८ सालको चैत्रमा २ जना भूमिहीनलाई पूर्जा वितरण गरेको थियो । यस पालिकाभित्र झण्डै ४ हजार भूमिहिन सकुम्बासीको बसोबास रहेको छ ।

# फ्रेन्डस् हेटौंडाले सार्वजनिक गऱ्यो ३ महिनामा भएका काम

साझाकुरा संवाददाता

हेटौंडा, १५ पुस/ एचआईभी एड्स र यौन रोगबारे सेवा प्रवाह गर्दै आइरहेको संस्था फ्रेन्डस् हेटौंडाले ३ महिनामा आफूले गरेको कामहरु सार्वजनिक गरेको छ ।

शुक्रबार पत्रकार सम्मेलन गर्दै फ्रेन्डस् हेटौंडाले ३ महिनामा संस्थाले आफूले गरेको कामहरु सार्वजनिक गरेको हो । संस्थाका कार्यक्रम संयोजक किरण थापाले संस्थाबाट भएका काम, एजेण्डा र आगामी योजनाहरुको विषयमा जानकारी गराएकी थिइन् । उनले आगामी कार्यक्रमहरु स्थानीय तहसँगको सहकार्यमा यौन रोग र त्यससँग सम्बन्धित कार्यक्रमहरु रहेको बताइन् ।

एचआईभी एड्स र यौन रोगको सेवा प्रवाह गर्दै आइरहेकोले फ्रेन्डस् हेटौंडाले आफ्नै क्लिनिक सञ्चालन गरेको थापाले बताइन् । उनले गोप्य रुपमा यौन रोगको उपचारका साथै परामर्शहरु समेत दिने गरेको जानकारी दिइन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका निवर्तमान अध्यक्ष प्रताप विष्ट, जिल्ला अध्यक्ष मणिराज गौतम लगायत सञ्चारकर्मीहरुले आफ्नो सुझावसहितको भनाइ राखेका थिए ।

# तमु ल्होछारमा प्रदेश प्रमुख शर्माले दिए शुभकामना

साझाकुरा संवाददाता



हेटौंडा, १५ पुस/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले गुरुङ समुदायको नयाँ वर्ष तमु ल्होछारका अवसरमा शुभकामना दिएका छन् ।

शुक्रबार परेको तमु अर्थात् गुरुङ समुदायको नयाँ वर्ष तमु ल्होछारका अवसरमा प्रदेश प्रमुख शर्माले शुभकामना व्यक्त गरेका हुन् ।

प्रदेश प्रमुख शर्माले तमु अर्थात् गुरुङ समुदायमा प्रचलित पञ्चाङ्ग अनुसार आजदेखि बाँदर वर्गको वर्ष समाप्त भई चरा वर्गको नयाँ वर्ष शुभारम्भ भएको भन्दै यसका अवसरमा शुभकामना दिएका छन् ।

'तमु ल्होछार' गुरुङ समुदायमा नयाँ वर्षको रुपमा धुमधामका साथ मनाइने पर्व भएको प्रमुख शर्माको शुभकामना सन्देशमा उल्लेख छ । 'नववर्ष आरम्भको यस सुखद् घडीमा ल्होछार पर्व मनाउने समुदायका स्वदेश-विदेशमा रहनु हुने दाजुभाई, दिदीबहिनी तथा सम्पूर्ण नेपालीहरुप्रति सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु', प्रदेश प्रमुख शर्माको शुभकामना सन्देशमा भनिएको छ ।

**श्री जोया रोडा ढुङ्गा एण्ड सप्लायर्स प्रा.लि.**

राक्सिराङ्ग गाउँपालिका, वार्ड नं. ५, मकवानपुर

**श्री जोया क्रसर उद्योगको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ६ संग सम्बन्धित**

## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

*(प्रकाशित मिति २०७९/०९/१६)*

श्री जोया रोडा ढुङ्गा एण्ड सप्लायर्स प्रा.लि., राक्सिराङ्ग गाउँपालिका, मकवानपुर जिल्ला, बागमती प्रदेश, नेपालद्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री जोया रोडा ढुङ्गा एण्ड सप्लायर्स प्रा.लि., राक्सिराङ्ग गाउँपालिका-५, चैनपुर, मकवानपुर सम्पर्क नं. ९८५५०५६०१५, इमेल: *info.seco.com.np* |
| प्रस्तावको व्यहोरा | ●श्रीजोया रोडा ढुङ्गा एण्ड सप्लायर्स प्रा.लि.द्वारा मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका, वार्ड नं. ३ मा श्री जोया क्रसर उद्योग सञ्चालन गर्ने कार्य |
| प्रभाव पर्न सक्ने स्थान/वडा | ●वार्षिक ४५००० घ.मि. गिट्टी र ५००० घ.मि. धुलो उत्पादन गर्ने कार्य ●कच्चा पदार्थको परिमाण ५०००० घ.मि. ढुङ्गा राक्सिराङ्ग गाउँपालिका ३ नं. वडा |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट आयोजना क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीहरुमा के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न आयोजना कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदाय तथा समूहको प्रतिनिधि, गाउँपालिका वडा नं. ३ कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, वन उपभोक्ता समूह तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिनुपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र देहायमा उल्लेखित ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **श्री जोया रोडा ढुङ्गा एण्ड सप्लायर्स प्रा.लि.**, राक्सिराङ्ग गाउँपालिका-५, चैनपुर, मकवानपुर सम्पर्क नं. ९८५५०५६०१५, इमेल: *info.seco.com.np* | **दाहाल ग्रुप अफ कन्सल्टेन्ट प्रा.लि.** काठमाण्डू फोन नं. ०१-४३६१३१० |

**कार्यालय प्रमुख**

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**
**९८४५२९०३९१, ९८५५०८५३९१**

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*होम डेलिभरिको पनि व्यवस्था छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
फोन न.:०५७-५२०३१५

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना